फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.
First Microfinance Laghu Bitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत पत्र प्राप्त थोक लघु कर्जा प्रदायक लघु वित्त वित्तीय संस्था

आ. व. २०८३/८४ को प्रथम त्रैमासका सूचनाहरु :

क. फर्स्ट माइक्रोफाइनान्सको स्वरुप र प्रकृति :

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम स्थापना भएको र नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको थोक लघुकर्जा प्रदायक लघुवित्त वित्तीय संस्था हो । यस संस्थाले ऐन, नियम तथा निर्देशनहरुको पालना गर्दै लघुवित्त वित्तीय संस्था र सामुदायिक सहकारीहरुलाई थोक कर्जा प्रवाह गर्छ भने प्रत्यक्ष रुपमा सर्वसाधारणको निक्षेप संकलन वा सर्वसाधारण जनतालाई कर्जा लगानी गर्ने गरेको छैन । सार्वजनिक सेवा भन्नाले सरकारी कार्यालय वा सार्वजनिक संस्थाले सर्वसाधारण जनतालाई पुऱ्याउने सेवा सम्झनु पर्छ । यस संस्थाले सर्वसाधारणलाई प्रत्यक्ष सेवा प्रदान नगर्नुका साथै हालसम्म कुनै पनि सरकारी अनुदान वा अन्य सहायता नलिएको कारण यस संस्था सार्वजनिक संस्थाको परिभाषाको दायरा भित्र पर्दैन । साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २ को खण्ड (ग) बमोजिमको सार्वजनिक संस्थाको परिभाषा र राजपत्रको सूचना बमोजिम यस संस्थाले बैकिङ्ग सेवा प्रदान गर्ने गरेको छैन ।

ख. फर्स्ट माइक्रोफाइनान्सको काम, कर्तव्य र अधिकार :

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको काम, कर्तव्य र अधिकार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३; नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा अन्य सम्बन्धित कानूनले तोके बमोजिम रहेको छ ।

ग. फर्स्ट माइक्रोफाइनान्समा रहेको कर्मचारी संख्या र कार्य विवरण :

लघुवित्त वित्तीय संस्थामा यस त्रैमास मसान्तमा १८ (करारमा रहेका समेत) कर्मचारी कार्यरत रहेको छ र लघुवित्त वित्तीय संस्थाले तोकेको कार्य विवरण बमोजिम विभिन्न कार्यहरु सम्पादन गरिरहेको छ ।

घ. फर्स्ट माइक्रोफाइनान्सबाट प्रदान गरिने सेवा :

बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम "घ" वर्गको इजाजत प्राप्त थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले दिने सम्पूर्ण सेवाहरु प्रदान हुँदै आएको छ ।

ङ. फर्स्ट माइक्रोफाइनान्सको शाखा र जिम्मेवार अधिकारी :

लघुवित्त वित्तीय संस्थाको २ वटा शाखा रहेको छ जसको विवरण संस्थाको वेबसाईट www.fmdb.com.np/contact-us मा प्रकाशित गरिएको छ ।

च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :

यस संस्थाले प्रदान गर्ने शुल्कको विवरण संस्थाको वेबसाइट तथा सूचना पाटीमा टाँस गरिएको छ ।

छ. निर्णय गर्ने प्रक्रिया र अधिकार :

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, कानून, नीति नियम, निर्देशिका तथा सञ्चालक समितिले समय समयमा गर्ने निर्णयहरुको अधिनमा रही सम्पादन गर्नका निम्ति तोकिएका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

संस्थाका उप महाप्रबन्धक गुनासो सुन्ने अधिकारीको रुपमा रहेको छ । निजको ठेगाना यस प्रकार गरेको छ:

श्री बाबुराम न्यौपाने, उप महाप्रबन्धक
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि., ज्ञानेश्वर, काठमाडौँ
फोन नं : ४५२५३६१, ४५२५३५८, ईमेल : baburam@fmdb.com.np

झ .सम्पादन गरेको कामको विवरण :

बैंक तथा वित्तीय संस्था ऐन २०७३, बमोजिम "घ" वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले गर्न सक्ने कारोबारहरु गर्दै आइरहेको छ ।

ञ. सूचना अधिकारीको नाम र पद :

ग्राहक तथा अन्य सरोकारवालाहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमको अधिकारीलाई सूचना अधिकारी तोकिएको छ ।

श्री बाबुराम न्यौपाने, उप महाप्रबन्धक
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि., ज्ञानेश्वर, काठमाडौँ
फोन नं : ४५२५३६१, ४५२५३५८, ईमेल : baburam@fmdb.com.np

ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

लघुवित्त वित्तिय संस्थाले पालना गरेको ऐन, नियम, विनिमय वा निर्देशिकाहरु (संशोधनहरु सहित):

१ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२ नेपाल राष्ट्र बैंक ऐन, २०५८
३ बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४ कम्पनी ऐन, २०६३
५ बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६ सम्पत्ती शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७ धितोपत्र सम्वन्धी ऐन, २०६३
८ आयकर ऐन, २०५८
९ बोनस ऐन, २०३०
१० उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
११ नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशन तथा परिपत्रहरु

ठ. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :

लघुवित्त वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी यस त्रैमासको विवरण राष्ट्रियस्तरको पत्र पत्रिकामा प्रकाशित भएको छ भने सो वेबसाईट https://www.fmdb.com.np/reports/Interim-Financial?page=3 मा समेत प्रकाशित गरिएको छ ।

ड. अघिल्लो आर्थिक वर्षमा फर्स्ट माइक्रोफाइनान्सले सञ्चालन गरेको कार्यक्रम वा आयोजना विवरण:

लघुवित्त वित्तीय संस्थाले थोक लघुकर्जा प्रदान गर्ने कार्य गर्दै आईरहेको छ र कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन ।

ढ. फर्स्ट माइक्रोफाइनान्सको वेबसाईटको विवरण :

यस लघुवित्त वित्तीय संस्थाको वेबसाइट यसप्रकार छ : www.fmdb.com.np

ण. फर्स्ट माइक्रोफाइनान्सले प्राप्त गरेको सरकारी सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :

यस संस्थाले कुनै पनि सरकारी सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग प्राप्त तथा सोको लागि सम्झौता गरेको छैन ।

त. फर्स्ट माइक्रोफाइनान्सले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :

यस लघुवित्त वित्तीय संस्थाले थोक लघुकर्जा प्रदान गर्ने कार्य गर्दै आईरहेको छ । यस त्रयमास मसान्तमा जम्मा ७५ ऋणी संस्थासंग रु. ४.८२ अर्ब रकमको कर्जा कारोबार गरेको छ । यस त्रयमासमा ग्राहक संरक्षण कोष अन्तर्गत १ वटा र संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत १ कार्यक्रम सम्पन्न भएका छन् ।

थ. फर्स्ट माइक्रोफाइनान्सले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :

यस लघुवित्त वित्तीय संस्थाले सार्वजनिक गर्न सकिने र गोप्य राखिने सूचना गरी सूचनाको वर्गिकरण गरिएको छ । नियमनकारी निकायको ऐन, नियम र निर्देशनले सार्वजनिक गर्नुपर्ने सूचना मात्र सार्वजनिक सूचनाको रुपमा वर्गिकरण गरिएको छ ।

द. फर्स्ट माइक्रोफाइनान्समा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :

यस त्रैमासमा लघुवित्त वित्तीय संस्थाको कुनै सूचना माग भएको छैन ।

ध. फर्स्ट माइक्रोफाइनान्सको सूचनाहरु प्रकाशन हुने विवरण :

वार्षिक विवरणको प्रतिवेदन प्रकाशित गरी लघुवित्त वित्तीय संस्थाको वेबसाइटमा प्रकाशन गर्ने गरिएको छ । त्रैमासिक आर्थिक विवरणहरु राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्नुका साथै लघुवित्त वित्तीय संस्थाको वेबसाईटमा समेत प्रकाशित गर्दै आएको छ ।

मिति : २०८३/०७/१३